# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

### सुचना ! सुचना !! सुचना !!!

*(प्रथम पटक प्रकाशित मिति : २०७७/०७/१७ )*

आ.व.२०७७/७८ प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यलय अन्तर्गत तपशिलको क्षेत्रमा समावेस भएको कृषि क्षेत्रसंग सम्बन्धित नेपाल सरकारको सशर्त अनुदान कार्यक्रम अन्तर्गतको निम्न कार्यक्रम संचालन गर्नुपर्ने भएकोले प्रविधिक समितिको मिति २०७७१/०७/४ को निर्णय अनुसार छनौट भएका बालीहरुमा ईच्छुक कृषक समूह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्मले आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा तोकिएको ढाँचामा (अनुसूची १०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैका लागि जानकारी गराईन्छ । साथै, यस विषयमा थप जानकारीका लागि कार्यालयमा सम्पर्क गर्न सकिन्छ ।

क) पकेटको कार्यक्षेत्रहरु : भरतपुर महानगरपालिका

ख) कार्यक्रमहरु : राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम (पकेट)

| क.सं. | बाली/वस्तुको पकेट | म्यानुअल अनुसार न्यूनतम मापदण्ड |
|---|---|---|
| १ | धान | २०(हेक्टर) |
| २ | तोरी | १०(हेक्टर) |

निवेदन साथ पेश गर्नु पर्ने कागजात

- सम्बन्धित निकायमा कृषक समूह/कृषि कार्य गर्ने उद्देश्य सहित दर्ता भएका सहकारी/संस्था/जल/समिति/कृषि फर्म दर्ता तथ नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
- कार्यक्रम संचालन हुने स्थानको(जग्गा/जमिन) स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा ५ वर्षको संझौतानामा
- निवेदको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि
- संस्थाको कार्यसमितिको निर्णय प्रतिलिपि
- अनुसुची ७ बमोजिमको पकेट क्षेत्र मागका लागि भरिएको आधारभुत तथ्याङ्क फारम (कार्यालयबाट उपलब्ध गराईने छ) ।
- म्यानुअल अनुसार थप कागजात आवश्यक परेमा कार्यालयले माग गर्न सक्नेछ ।

प्रमुख प्रशासकिय अधिकृत